# आर्थिक बर्ष २०७९/८० को

# बार्षिक नीति ,कार्यक्रम तथा बजेट

## शैलुङ गाँउपालिका

## दोलखा ,बागमती प्रदेश,नेपाल



Website: www.shailungmun.com.np
E-mail : ito.shailungmun@gmail.com

**शैलुङ गाउँपालिका दोलखा**
**बागमती प्रदेश दोलखाको**
**बाह्रौ गाउँसभामा**
**प्रस्तुत नीति, कार्यक्रम तथा बजेट वक्तव्य,२०७९**

**मिति १० असार, २०७९**

**शैलुङ गाउँपालिकाको बाह्रौ गाउँसभाका**
**अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरू एवं**
**उपस्थित सम्पूर्ण कर्मचारीज्यूहरू !!!**

१) शैलुङ गाँउपालिका दोलखाको यस ऐतिहासिक बाह्रौ गाउँसभामा आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु भन्दा अगाडि सर्वप्रथम नेपाल राष्ट्र निर्माण, राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र,लोकतन्त्र, गणतन्त्र,संघीयता, समावेशी राज्य व्यवस्थाको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदानीपूर्ण आन्दोलनहरूमा त्यागका साथ प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञातअज्ञात वीर शहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको विभिन्न लहरहरूबाट भएको विश्वव्यापी आर्थिक संकूचन, विश्वमा निन्तर बढीरहेको शक्ति राष्ट्रहरूको शक्ति संघर्ष तथा युक्रेन र रूस बीच चलिरहेको युद्धको कारणले विश्वब्यापी रूपमा अश्वभाविक रूपमा बढेको मुल्यबृद्धिबाट नेपाल र नेपालीको दैनिकी तथा जीवनयापनमा परेको समस्या जस्ता परिस्थितिजन्य बाध्यताका सम्बन्धमा हामी सबै अवगत नै छौं भन्ने मैले विश्वास लिएको छु ।

नेपालको संविधानले तीन तहमा राज्यको पुनर्संरचना गरी तीनै तहबाट राज्यशक्तिको प्रयोग भैरहेको र तीनै तहबाट सरकारहरूको कार्य जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गरेको व्यहोरा विदितै छ । तीनै तहका सरकारहरूले आफ्नो कार्य जिम्मेवारी भित्रका विषयहरू कार्यान्वयन गर्न नीति, कार्यक्रम र बजेट निर्माण गरी तत्तत् तहका विधायीका समक्ष पेश गर्नु पर्ने संवैधानिक व्यवस्था अनुरूप यस शैलुङ गाउँपालिकाको आगामी आ.व.२०७९/८० को बार्षिक नीति कार्यक्रम र बार्षिक बजेट गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यस सम्मानीत सभामा छलफल र स्वीकृतिका लागि प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभूती भएको छ ।

आ.व. २०७९/०८० को गाउँ विकास योजना तर्जूमा गर्दा हामीले देशव्यापी रूपमा भएको मुल्यबृद्धी र त्यसबाट सिर्जित प्रभावको अध्ययन ,नेपालको संविधानको अनुसूची (८) र (९) मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारीको सूची, मौलिक हक, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय तहमा बजेट तर्जुमा, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्वन्धी निर्देशिका, संघीय तथा प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरू, चालु आवधिक योजनामा उल्लिखित लक्ष्य, उद्देश्य तथा नीतिहरू, विद्यमान ऐन, नियम, कार्यविधि तथा निर्देशिका, दिगो विकास लक्ष्य, स्थानीय पूर्वाधार विकास नीति र विकासका समसामयिक मुद्धाहरू र स्थानीय आवश्यकतालाई प्रमुख आधारका रूपमा लिएका छौं ।

सम्मानित अध्यक्षज्यू

अव म चालु आ.व.२०७९/८० को क्षेत्रगत वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन अवस्थाका सन्दर्भमा संक्षिप्तमा समीक्षा गर्न चाहन्छु ।

**पूर्वाधार विकास :**

चालु आ.व.मा पुर्वाधार विकास, शिक्षा, स्वास्थ्य,कृषि,पशूपालन तथा उद्योग विकास तर्फ २०७९ जेष्ठ मसान्त सम्ममा लगानीको ठूलो हिस्सा गाउँपालिकाको गौरवको आयोजनाहरूमा खर्च भएको जसमा शैलुङ कोल्ड स्टोर, शैलुङ मिनि ग्रेट वाल, शैलुङ अस्पताल, चर्नावती बृद्धाश्रम, शैलुङ छ्योर्तेन गुम्बा, बुद्ध पार्क निर्माण, दोलखा जिल्लाकै ठूलो शैलुङ रंगशाला, साथै वडा र गाँउपालिका स्तरीय सहित जम्मा ३०० वटा विकास निर्माणका आयोजना सम्झौता गरिएकोमा २३० वटा योजनाहरू जेष्ठ मसान्त सम्ममा सम्पन्न भएका छन् भने ५ वटा योजनाहरू कार्यन्वयन नहुने अवस्थामा रहेको र बाँकी योजनाहरू भने असार २० गतेसम्म कार्यन्वयन हुने अवस्थामा रहेको छन् भने बजेट अभावको कारण ४१ वटा आयोजनाको करिव १ करेड १० लाख बराबरको दायित्व आगामी बर्ष भुक्तानी गर्ने गरी सार्नुपर्ने देखिन्छ । त्यस्तै ८ वटै वडा मध्येमा हाल सम्म ५ वटा वडा भवन निर्माण कार्य सम्पन्न भइसकेको तथा ८ वटै वडामा स्वास्थ्य चौकीहरूको स्थायी संरचना निर्माण भैसकेको छ ।

**आर्थिक विकास** :

**कृषि तथा पशु सेवा विकास :**

चालु आ.व.मा कृषि तथा पशु सेवा विकास तर्फ बाली कटानी सर्भे कार्यक्रम सञ्चालन, माटो लेयरका लागि केमिकल खरिद, कोल्ड स्टोर ट्रान्सफर्मर खरिद, प्लास्टिक टनेल खरिद,आलु उत्पादन कार्यक्रम,आलुबाली पकेट कार्यक्रम,फलफुल दशक बिरूवा रोपन कार्यक्रम, ५० प्रतिशत लागत साझेदारीमा आलु परिकार उद्योग स्थापना कार्यक्रम सञ्चालन गरिएको छ । त्यस्तै पशुल्याव व्यवस्थापन तथा नश्ल सुधारको लागि सिमेन नाइट्रोजन खरिद कार्यक्रम, पशु प्राविधिक तथा कृषक क्षमता विकास तालिम, भेडा पालन प्रवर्द्धन कार्यक्रम,औषधि खरिद तथा वितरण, बाख्राको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, पशुआहारा मिसन कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।



Website: www.shailungmun.com.np
E-mail : ito.shailungmun@gmail.com

**सामाजिक विकास :**

**स्वास्थ्य**

चालु आ.व.मा स्वास्थ तर्फ गर्भवती महिलाहरूलाई अण्डा वितरण कार्यक्रम, स्वास्थ्यकर्मीहरूको क्षमता विकास, गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा, आमा सुरक्षा कार्यक्रम, नियमित खोप तथा भिटामिन ए कार्यक्रम, निशुल्क औषधि वितरण, परिवार नियोजन, गाउँघर क्लिनिक, नियमित खोप सुदृढिकरण तथा टाइफाइड खोप नियमितको लागि तालिम सञ्चालन, मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम संचालन गरिएको छ ।

**शिक्षा :**

चालु आ.व.मा शिक्षा तर्फ शिक्षाको गुणस्तर माथि उठाउन बाल विकास शिक्षक व्यवस्थापन कार्यक्रम, विभिन्न प्राविधिक धार तर्फका माद्यामिक विद्यालयहरूलाई अनुदान वितरण, आधारभुत तह कक्षा ६-८ मा अंग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान, शिक्षण शिकाई सामाग्री वितरण तथा कक्षा ८ को परीक्षा सञ्चालनमा सहयोग कार्यक्रम , विद्यार्थीको लागि छात्रवृत्ती वितरण कार्यक्रम  विद्यालयमा आई. टि. ल्याब स्थापना एवम् डिजिटल लाइब्रेरी व्यवस्थापनको लागि अनुदान, नमुना विद्यालयको भवन तथा कक्षा ११ स्तरोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याब व्यवस्थापन कार्य, एक विद्यालय एक नर्स कार्यक्रम सञ्चान गरियो ।

**लक्षित समुदाय विकास कार्यक्रम :**

कामका लागि पारिश्रमिक अनुदान कार्यक्रम सञ्चालन, नयाँ लघु उद्यमी सिर्जना , आवश्यकता र पहिचानको आधारमा पुर्नताजकिकरण र एड्भान्स सिप विकास तालिम कार्यक्रम, उद्यम विकास कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण कार्यक्रम, बहु क्षेत्रिय कार्यक्रम अन्तर्गत पोषण विशेष स्वास्थ्य कार्यक्रम,पोषण सुधारका लागि विद्यालयमा पिउने खानेपानी तथा सरसफाई योजना निर्माण वा मर्मत संभार कार्यक्रम सञ्चालन भएका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार युवाहरूलाई विभिन्न वडाहमा सडक पूर्वाधार निर्माणमा लगाई एकातर्फ सडक पूर्वाधारको विकास गरिएको छ भने अर्कोतर्फ न्यूनतम रोजगारीको सुनिश्चितता गरी आयस्तर समेत बृद्धि  गरिएको छ । त्यस्तै लघु उद्यम  प्रबर्द्धन कार्यक्रम  अर्न्तगत नयाँ उद्यमी श्रृजना गर्नको लागि मागमा आधारित तालिम सञ्चालन भैसकेको तथा उद्यमीलाई प्रविधि हस्तान्तरणको लागि विभिन्न सामाग्री खरिद गरि बितरण गर्ने क्रममा रहेको छ ।

जेष्ठ विपन्न नागरिक परिचयपत्र वितरण तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम एवम् प्रत्येक वडामा ज्येष्ठ नागरिक स्वास्थ्य सिविर सञ्चालन न्यानो कपडा वितरण, वालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम,अपाङ्गता भएका व्यक्तिहरूको लागि समुदायमा आधारमा पुर्नस्थापना सहयोग  कार्यक्रम,बालमैत्री स्थानिय तह घोषणा प्रोत्साहन कार्यक्रम, बाबुआमा बिहिन बालबालिका संरक्षण कार्यक्रम सञ्चालन भएका छन् ।

सिप विकास तालिम,क्षमता बृद्धी तथा गोष्ठि सञ्चालन, न्याय तथा मेलमिलाप सम्बन्धी कार्यक्रम सञ्चालन,कर प्रबर्द्धन तथा जागरण कार्यक्रम सञ्चालन भएका छन् ।

**संस्थागत व्यवस्था तथा सुशासन :**

गाउँपालिकाको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित बनाउन र पारदर्शी बनाउन आर्थिक कार्यविधि कानून स्विकृत भएको छ ।

कम्प्युटर प्रणालीको प्रयोग गरी राजस्व संकलन कार्यलाई सरल, सहज र विश्वसनिय बनाउन आवश्यक व्यवस्था मिलाईएको छ । सामाजिक सुरक्षा भत्ता रकम बैंक खाता मार्फत वितरण गर्ने व्यवस्था मिलाइएको छ । गाउँ कार्यपालिकाको कार्यालयमा सि.सि.क्यामरा जडान गरिएको छ ।

गाउँ कार्यपलिकाको खर्च लेखालाई नेपाल सरकारबाट तयार गरिएको सुत्र प्रणालीमा आवद्ध गरी आर्थिक कारोवारलाई विश्वसनीय र भरपर्दो बनाईएको छ । गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवालाई कम्प्युटराइज गर्दै लगिएको छ ।

सम्माननीय अध्यक्षज्यू,
म आ.व. २०७९/०८० को क्षेत्रगत बार्षिक नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक बर्ष २०७९/०८० यो निति, कार्यक्रम तथा बजेटका उध्येश्यहरू :**

- शैलुङबासी जनताको विकास र समृद्धिको चाहानालाई आत्मसात गर्दै उपलब्ध स्रोत, साधन अवसर र क्षमताको उच्चतम् प्रयोग गरी समृद्ध शैलुङ बनाउने ।
- कृषि, पर्यटन,उद्योग व्यापार व्यवसायको प्रवर्द्धनको लागि सार्वजनिक, सहकारी, निजी क्षेत्रबिच सहकार्य गर्ने ।
- सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास एवं सुशासन प्रवर्द्धन गरी "सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख शैलुङको निर्माण" भन्ने मूल नारालाई साकार पार्न योगदान गर्ने ।

**<u>क्षेत्रगत नीति</u>**

**आर्थिक विकास :**

**कृषि तथा पशुपन्छी विकास :**

- माटो परीक्षण गरी माटो सुँहाउदो बालीहरूलाई प्रोत्साहित गरी कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गरिनेछ ।
- तुलनात्मक लाभ हुन सक्ने किवि लगायतका कृषि उपजको उत्पादन प्रवर्द्धनमा जोड दिइनेछ ।
- खेतीयोग्य जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ ।
- युवाहरूलाई कृषिमा आकर्षित गर्न विषेश कार्यक्रम गरिनेछ ।
- गरिव तथा न्यून आय भएका किसानहरूलाई पचास प्रतिशत अनुदानमा तरकारी बीउ तथा नगदेबालिको बीउ उपलव्ध गराउने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- गाउँपालिका क्षेत्रभित्र कृषि तथा पशु स्वास्थ्य सम्वन्धी जनशक्ति तयार गर्न बेरोजगार युवाहरूलाई लामो अवधिको तालिम प्रदान गरिने छ ।
- पशुपन्छीको उत्पादकत्व बढाउन पशु नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरिनेछ ।

- कृषि तथा पशुपन्छीहरूको तथ्यांक अद्यावधिक गरिनेछ ।
- निकासी बढाउन किवि विरूवा रोपन, किवि बाली सुधारीकरण तथा बजारीकरण अभियान संचालन गरिनेछ ।
- पशु स्वास्थ्य सेवा र कृषिलाई प्रभावकारी बनाउन एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशुपन्छी क्षेत्रका प्राविधिक कर्मचारी तथा कृषकको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपन्छीमा लाग्ने विभिन्न किसिमका रोगहरूको विरूद्ध खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- छाडा तथा सामुदायिक कुकुरहरूको बन्ध्याकरण तथा नियन्त्रण गरिनेछ ।
- ५० प्रतिशत अनुदानमा दुध डेरी सञ्चालन कार्यक्रम चलाइनेछ तथा ५० प्रतिशत अनुदानमा व्यवसायिक तथा उत्पादनमूलक क्रियाकलापहरू साझेदारीमा कार्यक्रम राखिनेछ ।
- पशुपालक कृषकहरूलाई विभिन्न रोग बिरूद्धको निशुल्क औषधि तथा अन्य सामाग्री खरिद गरी वितरण गरिनेछ ।
- पशुहरूमा हुने बाँझोपना नियन्त्रणको लागि मिनिरल ब्लक उत्पादन, वितरण तथा तालिम सञ्चालन गरिनेछ ।

**उद्योग तथा वाणिज्य :**

- गाउँपालिका क्षेत्र भित्र उद्योगको विकासका लागि उद्योगलाई आवश्यक पर्ने पूर्वाधार विकास गर्न गाउँपालिकाले जोड दिइनेछ ।
- परम्परागत तथा स्थानीय सीप (जस्तै आरन तथा धातुका भाँडाकुँडा निर्माण) र कौशल प्रयोग हुने सेवाको उत्पादन र आधुनिक व्यवसायीकरणका लागि प्रोत्साहन गरिनेछ ।
- करको दरमा केही सहुलिएत प्रदान गरी करको दायरा भने बढाउने नीति अबलम्बन गरिनेछ ।
- व्यवसाय दर्ता तथा नवीकरणको लागि थप सहजीकरणको लागि घुम्ती शिविर सञ्चालन गरिने**छ ।** ।

**सहकारी, गरिवी निवारण र रोजगारी श्रृजना**

- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरूको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।
- सहकारी क्षेत्रलाई आर्थिक समृद्धीतर्फ जोड्नको लागि सहकारीको दर्ता नवीकरण, सञ्चालन तथा व्यवस्थापनका क्रियाकलाप सञ्चालनमा प्रवर्द्धन गरिनेछ ।
- सहकारीलाई उत्पादन तथा विक्री वितरणमा जोड्ने र सामाजिक उत्तरदायित्व बहनको लागि विशेष सहुलियत तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने

निर्माण,सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाता सँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम, रोजगार सेवा केन्द्र लगायतका कार्यक्रमलाई प्रत्यक्ष रोजगारी, उत्पादन, पूर्वाधार विकास, कृषि र व्यवसाय प्रबर्द्धनको क्षेत्रमा जोडिनेछ ।

**सामाजिक विकास**

**शिक्षा, युवा तथा खेलकुद**

- सार्वजनिक विद्यालयबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा सुधार गरी निजी क्षेत्र र सार्वजनिक क्षेत्र बीच रहेको शिक्षाको गुणस्तरमा रहेको अन्तर घटाउनेछ ।
- माद्यामिक विद्यालयहरूमा इलेक्ट्रोनिक हाजिरीको व्यवस्था मिलाइनेछ ।
- शिक्षालाई रोजगारी र उद्यमशिलता सँग जोडन प्राविधिक र व्यवसायिक शैक्षिक संस्थाको व्यवस्थापनलाई सुदृढ बनाउन अनुदान सहयोग गरिनेछ ।
- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र सिकाइलाई प्रोत्साहित गरिनेछ ।
- विद्यालयहरूको शिक्षकहरूको क्षमता अभिबृद्धिको लागि तालिमको व्यवस्था गर्ने, विद्यालय लेखा प्रणाली सुधारको लागि लेखा शिक्षकलाई क्षमता विकास तालिम दिइनेछ ।
- शिक्षक तथा प्रधानाध्यापकहरूको उत्प्रेरणाको लागि उत्कृष्ट विद्यालय भ्रमण तथा अवलोकन र अनुभव साटासाटको कार्यक्रम ल्याइनेछ ।
- शैलुङ गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गरी आगामी वर्षभित्र आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।
- विद्यालयहरूको नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई "सूचना प्रविधियुक्त बिद्यालय; सिर्जनशील र प्रतिभाशाली विद्यार्थी " भन्ने मान्यतालाई स्थापित गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- बालविकास केन्द्रलाई बालबालिकाको आराम स्थल र मनोरञ्जन केन्द्रको रूपमा विकास गरिनेछ । मातृभाषामा आधारभूत शिक्षा प्रदान गरी रहेका गुम्बा लगायतका शिक्षालयलाई आधुनिक शिक्षाको मूलधारमा आबद्ध गरिनेछ ।
- विद्यालयका शिक्षकहरूलाई तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ । शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र अभिभावकहरूको समन्वयमा नमूना विद्यालयको रूपमा विकास गर्न प्रोत्साहन गरिनेछ । अभिभावकहरूको प्रत्यक्ष नियमन र व्यवस्थापनमा विद्यालय सुधारको नीति अवलम्बन गरिनेछ ।
- हाम्रा बालबालिका संसारमा प्रतिस्पर्धा गर्न सकुन् भन्ने भावना अनुरूप प्रविधियुक्त सामुदायिक विद्यालय बनाउनको लागि सामुदायिक विद्यालयलाई वस्तुगत सहयोग र अनुदानको व्यवस्था मिलाइनेछ । विद्यालयमा विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।
- शैलुङ गाउँपालिका भित्र प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित सामुदायिक विद्यालयलाई निःशर्त अनुदानको व्यवस्था गरिनेछ ।

- विद्यालयमा स्थानीय भाषाको पाठ्यक्रम निर्माण गरी लागू गर्ने नीति लिइनेछ ।
- विद्यालय क्षेत्र भित्र खेल मैदानको निर्माण गरी विद्यार्थीहरूको सर्वाङ्गिण विकासमा जोड दिइनेछ ।
- गाउँपालिकाका सामुदायिक विद्यायमा कार्यरत बालविकास विद्यालय सहायक कर्मचारी तथा विद्यालय सहयोगी कर्मचारीको तलब संघीय सरकारबाट बृद्धि नभएमा यथोचित बृद्धि गरिनेछ ।
- “शिक्षाको लगानी, भविष्यको लागि लगानी” भन्ने मूल मर्म आत्मसात् गर्दै दिवा खाजा कार्यक्रमलाई कक्षा ७ सम्म बिस्तार गरिनेछ साथै प्रतिदिन रू ५ का दरले दिवा खाजा कार्यक्रमको दर बढाइनेछ ।
- विद्यालय तथा विद्यार्थी स्तर निर्धारण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय बाल परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल विकास शिक्षक व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- गाँउपालिकाबाट अनुदान शिक्षक दरबन्दी व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा स्काउट व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरूको लागि आत्मरक्षा तथा जिवन उपयोगी सीप सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- युवाको दक्षता उद्यमशिलता अन्वेषणात्मक क्षमताको विकास गरी विकासमा युवा सहभागिता बढाइने छ ।
- खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण र स्थानीय स्तरमा खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ ।
- विभिन्न वडाहरूमा व्यवस्थित खेल पूर्वाधार निर्माण कार्य गरिनेछ ।

**स्वास्थ्य :**

- स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायत जनस्वास्थ्य सेवाहरू र उपचारात्मक सेवाको लागि आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामाग्रीहरूको व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- गर्भावस्था देखि जन्मपश्चात उपलब्ध गराइने खोप, भिटामिन 'ए' पोलियो खोप, क्याल्सियम चक्की जस्ता आधारभूत स्वास्थ्य सेवा सुनिश्चितताका लागि आवश्यक व्यबस्था गरिनेछ ।
- संक्रामक रोगहरू नियन्त्रणमा हासिल भएका उपलब्धिहरूलाई कायम राखिनेछ ।
- बढ्दै गइरहेको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न समुदायस्तरमा सचेतना कार्यक्रमहरू संचालन गरिनेछ ।
- आधारभूत स्वास्थ्य केन्द्र बाघखोरलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा औषधि खरिदको लागि आवश्यक बजेट व्यवस्था गरी अस्पताल सञ्चालनमा ल्याइनेछ ।

- भौतिक रूपमा स्वास्थ्य चौकी टाढा पर्ने स्थानका जनताको सुलभ स्वास्थ्य सेवामा पँहुचको लागि विभिन्न स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालन गरिनेछ।
- गर्भवती महिला तथा नवजात शिशुको स्वास्थ्य र पोषणको लागि विगतमा सञ्चालन गरिएका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।
- गर्भवति महिला, सुत्करी महिला, पूर्ण अपाङ्गता भएकाहरू तथा ८० बर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई आकस्मिक उपचारमा लैजानुपर्दा निःशुल्क एम्बुलेन्स सेवा दिइनेछ।
- ज्येष्ठ नागरिक साथै अपाङ्गता भएका "क" र "ख" वर्गका नागरिकहरूको घर-घरमै गएर स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन पहलकदमी लिइनेछ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई सञ्चालन तथा निरन्तरता दिइनेछ।
- आयुर्वेदिक उपचार पद्धति तथा वैकल्पिक उपचार पद्धतिको विकास तथा प्रवर्द्धनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

**खानेपानी र सरसफाई**

- गाउँपालिका क्षेत्र भित्रका सबै जनसंख्यालाई आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनको लागि गाउँपालिकाले आफ्नै श्रोत परिचालन गरेर कार्य गर्ने तथा साझेदार संस्थाहरूसंग सहकार्य गरी कार्य गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका शहरोन्मुख बजारहरूमा ढल निकास तथा फोहरमैला व्यवस्थापन कार्यको शुरूवात गरिनेछ।

**पर्यटन तथा संस्कृति :**

- गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक र पुरातात्वीक महत्वका सम्पदाहरूको खोजी गरी त्यस्ता क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास र विस्तार गरिनेछ।
- सन् २०२५ मा शैलुङ भ्रमण बर्ष मनाउनको लागि आगामी आर्थिक बर्षबाटै प्रचार-प्रसार तथा आवश्यक पूर्वाधारको निर्माण गर्ने।
- प्रसिद्ध पर्यटकीय स्थल शैलुङको विकास तथा प्रबर्द्धनको लागि संघ तथा प्रदेश सरकारको सहकार्यमा गुरू योजना निर्माण गरिनेछ।
- शैलुङ घुम्न आउने पर्यटक संख्या बढाउन विशेष कार्यक्रम तथा योजना ल्याइने।
- होमस्टे प्रबर्द्धनको लागि होमस्टे दर्ता,नवीकरण तथा प्रबर्द्धनको लागि अभिमूखिकरण कार्यक्रम चलाइनेछ।
- स्थानीय समुदायको भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ।
- ऐतिहासिक गोल्माराजा गोल्मारानी दरबार क्षेत्रको संरक्षण तथा प्रवर्द्धनको लागि गुरूयोजना बनाउन आवश्यक व्यवस्था गरिनेछ।
- शैलुङ ८ मा राँके जात्रा लाग्ने स्थानलाई व्यवस्थित बनाउन विभिन्न पूर्वाधारको निर्माण गरिनेछ।

- गाँउपालिकाभित्रका गुम्बा, शहिद स्मृति पार्क, मठमन्दिर, पोखरी, ताल र अन्य पर्यतकीय,सास्कृतिक तथा धार्मिक स्थलहरूको निर्माण , मर्मतसंभार गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- शैलुङ गाँउपालिकाभित्र थप पर्यटकीय स्थलको पहिचान तथा प्रसिद्ध पर्यटकीय स्थलसम्म जानको लागि पदमार्गको पहिचान तथा निर्माण गरिनेछ ।

**पूर्वाधार विकास**

**सडक :**

- सडक आयोजना निर्माण गर्दा रकम छर्ने प्रवृतिलाई निरूत्साहित गरिनेछ । र बहुवर्षीय आयोजना तथा चालु आ.व.का अधुरा योजनाहरूलाई आ.व. २०७९/०८० भित्र सम्पन्न गरि बजेट व्यवस्था गाउँपालिका भित्रका मुख्य सडकहरू सर्वयाम यातायात संचालन गर्न सकिने गरी क्रमशः स्तरोन्नति गरिदै लगिनेछ ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण सडकहरूको अभिलेख व्यवस्थित गरी योजनाबद्ध रूपमा सडक निर्माण कार्य अघि बढाइनेछ ।
- रणनैतिक महत्वका सडकको संरक्षणको लागि नाला, ग्याबियन जाली तथा मेसिनरीवाल लगाईनेछ ।
- गाँउपालिका क्षेत्र भित्रका वडाहरूलाई गाउँपालिकाको केन्द्रसंग जोडने सडकहरूको स्तरोन्नति लाई प्राथमिकता दिइनेछ ।

**भवन तथा शहरी विकास**

- स्थानीय ढुङ्गा माटोबाट बनाउने घरहरूलाई भुकम्प प्रतिरोधि बनाउन गाँउपालिकाबाट प्राविधिक सहयोग गरिनेछ ।
- गा पा बाट विनियोजित भई बनाइने सार्वजनिक भवन, सामुदायिक भवन पूर्ण भुकम्प प्रतिरोधि बनाउने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र बन्ने भवनहरूलाई नियमन गर्न बस्ती विकास तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी अनिवार्य नक्सा पास गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र बन्ने भवनहरूलाई भुकम्प प्रतिरोधी र सुरक्षित बनाउन राष्ट्रिय भवन संहिता लागू गरिनेछ ।
- बनिसकेका घरहरूलाई कार्यविधि बमोजिम अभिलेखिकरणको कार्यलाई निरन्तरता दिइनेछ ।

**जलविद्युत तथा बैकल्पिक ऊर्जा :**

- लघु जलविद्युत निर्माण तथा उत्पादनको सम्भाव्यता, उपयुक्तता र दिगो उपयोगको लागि सम्भाव्यता अध्ययन तथा लागत अनुमान गरीनेछ ।
- अति आवश्यकीय स्थानहरूमा सोलार बत्तीको व्यवस्था गरिनेछ ।

**वन,वातावरण तथा विपद व्यवस्थापन**

**विपद व्यवस्थापन**

- विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।

- विपद्हरूको रोकथाम तथा न्यूनिकरणका लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- ठूला पूर्वाधार आयोजनाहरू सञ्चालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इस्टिमेट गर्ने व्यवस्था गरिनेछ ।
- सम्पूर्ण वडा तथा भूभागलाई समेट्ने गरी एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

**वातावरण संरक्षण :**

- गाउँपालिका क्षेत्र भित्रका खाली तथा पर्ति जग्गाहरूमा वृक्षारोपण गरिनेछ ।
- गाँउपालिका भित्र रहेका विभिन्न प्राकृतिक श्रोतको पहिचान गरी यसको संरक्षण, सम्बर्द्धन र सदुपयोगको लागि सरोकारवालाहरू संग समन्वय तथा सहकार्य गरिनेछ ।
- शैलुङ गाँउपालिकालाई "प्लाष्टिक मुक्त शैलुङ गाँउपालिका" निर्माणको लागि पहल गरिनेछ ।
- वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरू सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरू संचालन गरिनेछ ।
- जलवायु परिवर्तन संग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू संचालन गरिने छ ।
- शहरीकरणको विस्तार सँगै बढने फोहरमैलाको चुनौतिलाई सामना गर्न फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गाको खोजी गरिने छ ।
- स्थानीय खोला नाला तथा नदी तथा खोल्साहरूबाट हुने कटान नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि तालुक निकायमा पहल गरिनेछ ।
- पहिरो नियन्त्रणको लागि आवश्यकताअनुसार गाँउपालिकाले बजेट व्यवस्थापन गरी कार्य गर्नेछ । साथै सडक तथा पूर्वाधारको निर्माण गर्दा सम्भाव्य पहिरो जोखिमको अवस्था मूल्याङ्कन गरेर मात्र योजना सञ्चालन गरिनेछ ।

**प्राकृतिक श्रोत साधन तथा मानविय संशाधन :**

- **गाँउपालिका भित्रको** प्राकृतिक श्रोत साधन (ढङ्गा, गिटी,धातुजन्य खानी) को समुचित परिचालन तथा प्रयोगको लागि आवश्यक नीति अबलम्बन गरिनेछ ।
- शैलुङ गाँउपालिका स्थायी ठेगाना भई गाँउपालिका भित्र, अन्य स्थान तथा प्रवासमा रहेका बुद्धीजिवी, विज्ञ, द्धीग्गज,अनुभवी तथा क्षमतावान व्यक्तित्वहरूको प्रोफाइल निर्माण गरी शैलुङ गाँउपालिकाको समग्र विकासमा प्रयोग तथा परिचालन गरिनेछ ।

**लैगिंक समानता तथा सामाजिक समावेशीकरण :**

- सामाजिक एकता, सद्भाव, सहिष्णुता, ऐक्यबद्धता सामाजिक सांस्कृतिक रूपान्तरणको लागि शैलुङ गाँउपालिकाभित्र भएको जातीय छुवाछुत तथा भेद्भावपूर्ण व्यवहार अन्त्यका लागि विभिन्न अभिमुखिकरण तथा सांकेतिक कार्यक्रम ल्याइनेछ ।
- लैगिक उत्तरदायी बजेट व्यवस्थापन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरूको पहिचान गरी उचित व्यवस्थापनको नीति तयार गरिनेछ ।

- लक्षित वर्गहरूको सशक्तिकरणको लागि सकारात्मक विभेदको नीति लिइनेछ ।
- सम्मान, समता र समानता, संरक्षण र सम्बर्द्धन, सवलीकरण र सशक्तिकरण,समानुपातिक सहभागिता, समावेशी समुन्नत र सभ्य समाज निर्माणको लागि पहिचान, प्रतिष्ठा, प्रवाहीकरण र प्रतिनिधित्वका आधारमा समतामूलक र न्यायपूर्ण समाजको स्थापना गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास :**

**सुशासन र वित्त व्यवस्थापन :**

- सेवा प्रवाहलाई प्रभावकारी बनाउन पुरस्कार र दण्डको व्यवस्था अवलम्बन गरिनेछ ।
- कर्मचारीहरूको क्षमता विकास गर्न लेखाकंन, सूचना प्रविधिको प्रयोग सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- सूचना प्रविधिको उपयोग गरी स्थानीय तथ्यांक तथा अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्र कार्यक्रम संचालन गर्नु पूर्व गैर सरकारी संस्थाहरूले गाउँपालिकाको अनिवार्य स्वीकृति लिनु पर्ने व्यवस्था लागू गरिनेछ ।
- लक्षित समुदाय विकास कार्यक्रममा विनियोजित साधन स्रोतबाट स्थानीय श्रमबजारको माग अनुसारका लामो अवधिको व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गरिने छ ।
- स्थानीय सरकारलाई जनता प्रति जवाफदेही बनाउन सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रूपमा संचालन गरिनेछ ।
- सूचनाको हकको कार्यान्वयनलाई व्यवस्थित बनाउन गाउँपालिकाको प्रवक्ता र सूचना अधिकारी तोकिनेछ ।
- सेवा प्रभाहलाई चुस्त दुरूस्त बनाउन नागरिक वडापत्र र गुनासो पार्टी कार्यालयमा राखिने छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाइनेछ ।
- कर्मचारी र पदाधिकारीहरूको आचार संहिता बनाई लागू गरिनेछ ।

**राजश्व**

- करका दरहरूलाई समसामयिक वनाइनेछ र दायरालाई विस्तार गरिनेछ ।
- कर प्रशासनलाई करदातामैत्री बनाइनेछ ।
- राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा राजश्व प्रक्षेपण गरिनेछ ।
- करका श्रोतहरूको पहिचान गर्दै त्यसको संकलनमा मितव्ययीता कायम गरी विनियोजनमा तथ्यपूर्ण बनााउने नीति अबलम्बन गरिनेछ ।

**अध्यक्षज्यू,**

अव म आगामी आ.व. २०७९/८० को बजेटको विनियोजन चालु तर्फ ३४ करोड ३६ लाख ८५ हजार तथा पूँजिगत तर्फ २५ करोड ६५ लाख २५ हजार बजेट विनियोजन गर्ने लक्ष्य लिएको छु ।

सम्माननीय अध्यक्ष ज्यू

अव म गत आ.व.२०७७/०७८ को यथार्थ आय व्यय, चालु आ.व. २०७८/७९ को अनुमान र २०७९ जेष्ठ मसान्त सम्मको यथार्थ आय व्ययको अवस्था तथा आगामी आ.व. २०७९/८० को अनुमानित आय व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

गत आ.व. २०७७/७८ मा आय तर्फ संघीय सरकार वित्तीय समानिकरण अनुदान रू. ११ करोड ६३ लाख, सशर्त अनुदान २२ करोड ४८ लाख ४० हजार ३५ रूपैया ५० पैसा, संघीय राजस्व बाडँफाडवाट ५ करोड २३ लाख २ हजार ४ सय ६४ रूपैया ५४ पैसा, प्रदेश समानिकरण ९९ लाख ७९ हजार, प्रदेश राजस्व बाँडफाँड २ करोड ३७ लाख २९ हजार ४ सय ५० रूपैया १६ पैसा, संघिय सरकार विशेष अनुदान १ करोड ९७ लाख १० हजार १ सय ७२, प्रदेश समपुरक १ करोड, आन्तरिक श्रोत अ.ल्या रकम सहित रू.२ करोड ९२ लाख ७५ हजार १सय ८ रूपैया ६२ पैसा गरि जम्मा रू.५१ करोड ४४ लाख १४ हजार ४ सय ८५रूपैया ८२ पैसा बास्तविक आय प्राप्त भएको र व्यय तर्फ चालु खर्च २७ करोड ७ लाख ७६ हजार ३ सय ६६ रूयैया १८ पैसा र पुँजिगत खर्च तर्फ रू. २१ करोड ६६ लाख १ हजार ७ सय ७ रूपैया १३ पैसा गरी जम्मा ४८ करोड ७३ लाख ७८ हजार ७३ रूपैया ३१ पैसा खर्च भएको देखिन्छ । बाँकी रकम रू.२ करोड ७३ लाख २ हजार ५ सय ९६ पैसा ९ अ.ल्या. आम्दानी सारिएको व्यहोरा अनुरोध छ । आ.व. २०७७/०७८ को जम्मा खर्च प्रतिशत ७६.९४ भएको व्यहोरा समेत अनुरोध गर्दछु ।

चालु आ.व. २०७८/०७९ का लागि प्रस्तावित आयतर्फ संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान १२ करोड १२ लाख, सशर्त अनुदान चालु १९ करोड ४० लाख ८८ हजार, सशर्त अनुदान पूँजिगत २ करोड ८७ लाख १५ हजार, विशेष अनुदान पूँजिगत ३ करोड ५ लाख, प्रदेश समानिकरण १ करोड ३ लाख १ हजार, प्रदेश सशर्त अनुदान चालु तर्फ ४४ लाख ७ हजार, सशर्त अनुदान पूजिगत १ करोड ७७ लाख, विशेष अनुदान पूँजिगत ४२ लाख , समपुरक अनुदान पूँजिगत २ करोड, संघीय राजश्व बाँडफाड ६ करोड ९५ लाख २० हजार, प्रदेश राजश्व बाँडफाड १ करोड ८३ लाख २५ हजार ७ सय ७३ रूपैया ५२ पैसा, आन्तरिक श्रोत अ.ल्या सहित ७ करोड ३५ लाख १८ हजार २ सय ५६ रूयैया ४८ पैसा गरी जम्मा ५९ करोड २४ लाख ७५ हजार र हाल सम्मको वास्तविक आयतर्फ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान १२ करोड १२ लाख, सशर्त अनुदान चालु १९ करोड २१ लाख ६५ हजार ७ सय पचास, सशर्त अनुदान पूँजिगत २ करोड ८६ लाख, विशेष अनुदान पूँजिगत २ करोड २८ लाख ७५ हजार, प्रदेश समानिकरण १ करोड ३ लाख १ हजार, प्रदेश सशर्त अनुदान चालु तर्फ ४४ लाख ७ हजार, सशर्त अनुदान पूजिगत १ करोड ७७ लाख विशेष अनुदान पूँजिगत २१ लाख , समपुरक अनुदान पूँजिगत १ करोड, संघिय राजश्व बाँडफाड ५ करोड १७ लाख १८ हजार ५ सय ९२ रूपैया ४ पैसा, प्रदेश राजश्व बाँडफाड १ करोड ५९ लाख ९५ हजार १ सय ३८ रूपैया ८५ पैसा, आन्तरिक स्रोत अ.ल्या सहित ३ करोड ४ लाख ११ हजार ४ सय ७६ रूयैया ३९ पैसा गरी जम्मा ५० करोड ७४ लाख ७३ हजार ९ सय ५७ रूपैया २८ पैसा प्राप्त भयो । त्यस्तै हालसम्मको वास्तविक खर्च चालु तर्फ १९ करोड १९ लाख ९७ हजार ७ सय ४६ रूपैया ११ पैसा, पूँजिगत तर्फ १५ करोड २४ लाख ४४ हजार ९ सय गरी जम्मा ३४ करोड ४४ लाख ४२ हजार ६ सय ४६ रूपैया ११ पैसा खर्च भएको देखिन्छ । यस आ.व.को हाल सम्मको कुल खर्च प्रतिशत ५८.१३ रहेको छ ।

आगामी आ.व. २०७९/८० का लागि आय तर्फ नेपाल सरकार समानिकरण अनुदान १२ करोड ८७ लाख,नेपाल सरकार सशर्त अनुदान चालु तर्फ १८ करोड ७५ लाख, पुँजिगत तर्फ २ करोड ९० लाख, नेपाल सरकार विशेष अनुदान १ करोड ५० लाख, नेपाल सरकार समपुरक अनुदान ७० लाख गरी जम्मा ३६ करोड ७२ लाख,

प्रदेश सरकार वित्तिय समानिकरण अनुदानतर्फ १ करोड २२ लाख ६७ हजार,प्रदेश सरकार सशर्त अनुदानतर्फ २ करोड ४ लाख ९६ हजार प्रदेश सरकार समपुरक अनुदान तर्फ २ करोड, प्रदेश सरकार विशेष अनुदान तर्फ ६० लाख गरि ५ करोड ८७ लाख ६३ हजार, राजस्व बाँडफाँड संघीय तर्फ ८ करोड ४२ लाख १५ हजार, प्रदेश सरकार राजश्व बाँडफाडतर्फ २ करोड १२ लाख ४७ हजार गरी जम्मा १० करोड ५४ लाख ६२ हजार त्यस्तै आन्तरिक आय गत बर्ष अल्या सहित ६ करोड ८७ लाख ८५ हजार गरि जम्मा रू. ६० करोड २ लाख १० हजार व्यय प्रस्ताव गरेको छु ।

**अध्यक्षज्यू**

गाउँपालिकाले चालु आ.व.को लागि प्रस्ताव गरेको कर, शुल्क, दस्तुर, महशुलको दर रेट समेटिएको आर्थिक विधेयक र व्ययको क्षेत्रगत र विस्तृत विवरण समेटिएको विनियोजन विधेयक, बजेटको पुर्ण विवरण र बार्षिक गाउँ विकास योजना यसै साथ अनुसूचीमा समावेश गरि छलफलका लागि सम्मानित सभामा टेवल गरेको छु । आगामी आ.व. २०७९/८० का लागि तयार गरिएको नीति, कार्यक्रम र बजेट उपर यस सम्मानित सभामा घनिभूत छलफल भई निर्धारित समय सीमा भित्र सभाको स्वीकृति प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

**अन्त्यमाः**

वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमामा अभिभावकत्व प्रदान गर्नु हुने अध्यक्षज्यू, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका सवै सदस्यज्यूहरू, बजेट निर्माणमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न रही सहयोग पुर्याउनुहुने वडाध्यक्षज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, वडासदस्यज्यूहरू र गाउँपालिकाको छाता भित्र रहनु भएका सम्पूर्ण कर्मचारी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु । गाउँपालिकाले लिएको लक्ष्य हासिल गर्न स्वीकृत कार्यक्रम तथा वजेट समयमै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तिका लागि यहाँहरू सहित सम्पूर्ण गाउँपालिकावासीहरूको समान सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुति सहित आफ्नो भनाईहरू यही अन्त्य गर्दछु ।

**पार्वती कार्की**
**उपाध्यक्ष**
**तथा संयोजक**
**बजेट तथा कार्यक्रम संयोजक समिति**
**शैलुङ गाँउपालिका**
**काटाकुटी,दोलखा**

**धन्यवाद**

**मिति २०७९ आषाढ १० गते,**